# सामुदायिक विद्यालयमा पुस्तकालय व्यवस्थापन

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, स्नातकोत्तर तह (एम.एड.)
दोस्रो वर्षको शैक्षिक योजना तथा व्यवस्थापन विषयको
शोधकार्य (एड. ५९८) को आंशिक आवश्यकता
परिपूर्तिका लागि तयार पारिएको

**शोधपत्र**

प्रस्तुतकर्ता
कमला घिमिरे
क्याम्पस क्रमाङ्क : १३ (२०६७/०६८)
त्रि.वि. दर्ता नं : ९-१-००९-०४७६-९६
परीक्षा क्रमाङ्क : २१८००७४/२०६९

शैक्षिक योजना तथा व्यवस्थापन विभाग
जनता बहुमुखी क्याम्पस
इटहरी, सुनसरी
२०७६

# सामुदायिक विद्यालयमा पुस्तकालय व्यवस्थापन

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, स्नातकोत्तर तह (एम.एड.)
दोस्रो वर्षको शैक्षिक योजना तथा व्यवस्थापन विषयको
शोधकार्य (एड. ५९८) को आंशिक आवश्यकता
परिपूर्तिका लागि तयार पारिएको

**शोधपत्र**

कमला घिमिरे
क्याम्पस क्रमाङ्क : १३ (२०६७/०६८)
त्रि.वि. दर्ता नं : ९-१-००९-०४७६-९६
परीक्षा क्रमाङ्क : २१८००७४

शैक्षिक योजना तथा व्यवस्थापन विभाग
जनता बहुमुखी क्याम्पस
इटहरी, सुनसरी
२०७६

शोधपत्र बुझाएको मिति
२०७६/०४/२०
(५ अगस्ट, २०१९)

शोधपत्र भाइभा मिति
२०७६/०४/३१
(१६ अगस्ट, २०१९)

# प्रतिबद्धता पत्र

यो शोध पत्र नियमानुसार तयार गरेको हुँ । यो शोध पत्र तयारको लागि आवश्यक अध्ययन क्षेत्र नियमानुसार छनौट गरी जनसंख्या, नमूना र नमूना छनौट रणनीति, तथ्यांक संकलनका विधिहरु आफैले ढाँचा निर्माण गरी तयार गरेको छु । अध्ययनको लागि तथ्यांक संकलन भोजपुर जिल्ला आमचोक गाउपालिका क्षेत्र भित्रका विद्यालयहरुमा कार्यरत शिक्षक, विद्यार्थी, विद्यालय व्यवस्थापन समितिबाट प्रश्नावलीद्वारा आफैं उपस्थित भई सूचना सङ्कलन गरेको छु र विद्यालय दस्तावेजहरुबाट सूचना सङ्कलन गरेको छु । यो अध्ययन पूरा गर्न सुरु देखि तयार नहुन्जेल स्वयं आफैंले मिहिनेत र अध्ययन गरी नियम संगत तरिकाले तयार गरेको हुँ । म आफैले गरेको प्रमाण आवश्यक परे सो प्रमाण पेश गर्न तयार छु भनी प्रतिबद्धता गर्दछु ।

मिति : २०७६, श्रावण

कमला घिमिरे

शोधकर्ता

ख


# जनता बहुमुखी क्याम्पस

☎०२५-५८१३००
५८००६४

इटहरी, सुनसरी
स्थापित : २०४५
(त्रिभुवन विश्वविद्यालय र उ.मा.शि.परिषदबाट सम्बन्धन प्राप्त)
विज्ञान, व्यवस्थापन, मानविकी तथा शिक्षाशास्त्र सङ्काय


प.सं. :
च.नं.:

## सिफारिस पत्र

प्रस्तुत शोधपत्र जनता बहुमुखी क्याम्पस शिक्षाशास्त्र सङ्काय शैक्षिक योजना तथा व्यवस्थापन विभाग अन्तर्गत एम.एड. दोस्रो वर्षकी छात्रा **कमला घिमिरे**ले **सामुदायिक विद्यालयमा पुस्तकालय व्यवस्थापन** शीर्षकमा मेरो प्रत्यक्ष मार्गदर्शनमा रही तयार गर्नुभएको हो । यस शोधकार्यबाट म सन्तुष्ट छु र यसको मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

____________________

बिमल नेपाल

शोध निर्देशक

मिति : २०७६/ /

# कृतज्ञता ज्ञापन

त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र सङ्काय शैक्षिक योजना तथा व्यवस्थापन विभाग जनता बहुमुखी क्याम्पस, स्नातकोत्तर तह (एम.एड.) द्वितीय वर्षको आंशिक आवश्यकता पूरा गर्नका लागि तयार पारिएको प्रस्तुत शोधपत्र **सामुदायिक विद्यालयमा पुस्तकालय व्यवस्थापन** विषयसँग सम्बन्धित छ । प्रस्तुत शोधपत्रमा विद्यालयमा कार्यरत प्र.अ., शिक्षक, कर्मचारी तथा विद्यार्थीहरुको सहयोगमा प्राप्त सूचना तथा तथ्यहरुको आधारमा तयार पारिएकाले सम्बन्धित सबैलाई उपयोगी हुने कुरामा पूर्ण विश्वस्त छु । यसका साथै पुस्तकालय क्षेत्रमा काम गर्ने सम्पूर्ण व्यक्ति तथा शैक्षिक संस्थाहरुलाई पनि यस शोधकार्यले सहयोग गर्ने कुराको अपेक्षा राखेको छु । प्रस्तुत शोधपत्र श्रद्धेय गुरु तथा मेरा शोध निर्देशक श्री बिमल नेपालज्यूको कुशल निर्देशनमा तयार पारिएको हो । आफ्नो अध्यापनको व्यस्तताको बाबजुद सधै सद्भावपूर्ण सहयोगको कार्यप्रति कृतज्ञता ज्ञापन गर्न चाहन्छु । यस अध्ययनलाई पूर्ण पार्न आवश्यक सल्लाह, निर्देशन दिई सहयोग गर्नुहुने अन्य गुरुवर्गहरुप्रति पनि कृतज्ञता ज्ञापन गर्न चाहन्छु ।

तथ्याङ्क सङ्कलनमा सहयोग गर्नुहुने नमुना छनोटमा परेका विभिन्न सामुदायिक विद्यालयहरुका वि.व्य.स. अध्यक्षज्यूहरु, प्र.अ.ज्यूहरु, शिक्षकज्यूहरु, कर्मचारी वर्गहरु तथा विद्यार्थी भाइबहिनीहरुमा पनि विशेष आभार व्यक्त गर्न चाहन्छु । अन्त्यमा यो शोधपत्रप्रति शद्धा र चासो राखि हरसमय प्रोत्साहन गर्ने आफ्ना पारिवारिक सदस्यहरु साथै सहपाठी मित्रहरु समेतलाई धन्यवाद दिन चाहन्छु ।

यस शोधकार्यलाई विभिन्न तहबाट सहयोग गर्नुहुने मेरा अनन्य मित्र तथा सहपाठी साथी इन्दिरा कटुवालज्यूलाई पनि धन्यवाद नदिइ बस्न सक्दिन साथै आफ्नो शोध अध्ययनलाई अत्यन्तै सौहार्दपूर्ण रुपमा स्वीकारी शुद्ध कम्प्युटर टङ्कन गरी सहयोग गर्ने क्यानभास कम्युनिकेशन इटहरी-१, बि.पि. चौकका प्रो. सन्तोष रायमाझी पनि धन्यवादका पात्र हुनुहुन्छ । यो शोधपत्र सबैका लागि उपयोगी हुने छ भन्ने पूर्ण विश्वास लिएको छु ।

**कमला घिमिरे**

## शोधसार

सामुदायिक विद्यालयमा पुस्तकालय व्यवस्थापन शीर्षक अन्तर्गत तयार गरिएको यो शोध अध्ययन भोजपुर जिल्लाको आमचोक गाउपालिका अन्तर्गत रहेका माध्यमिक र आधारभूत विद्यालयमा पुस्तकालय व्यवस्थापनसँग सम्बन्धित छ । यस अध्ययनको मुख्य उद्देश्य आधारभूत तथा माध्यमिक विद्यालयको पुस्तकालयको अवस्था पत्ता लगाउनु, विद्यालयको पुस्तकालयको नीति नियमको विश्लेषण गर्नु, विद्यालयको पुस्तकालयको समस्या पहिचान गरी समस्या समाधानको उपायहरु खोजी गर्नु रहेको छ । अध्ययन विधि मिश्रित ढाँचामा आधारित छ । भोजपुर जिल्ला आमचोक गाउपालिका अन्तर्गतका ३ ओटा माध्यमिक र २ ओटा आधारभूत गरी ५ ओटा विद्यालयका प्र.अ., शिक्षक, वि.व्य.स. पदाधिकारी, पुस्तकालय कर्मचारी तथा विद्यार्थीहरुसँग अन्तर्वार्ता, प्रश्नावली, अवलोकन फारम, लक्षित समूह छलफल, अभिलेख अध्ययन गरी सूचना सङ्कलन गरिएको छ ।

प्राप्त नजिता विश्लेषण गर्दा नमुना छनोटमा परेका आधारभूत तथा माध्यमिक विद्यालयलाई सहयोग गर्ने विभिन्न संघ संस्थाहरु रहेका तथा ती विद्यालयमा विद्यार्थी संख्या अनुसार पुस्तक न्यून रहेको पाइयो । पुराना पुस्तकहरु धेरै मात्रामा भएका तथा अन्य सन्दर्भ सामग्रीहरुको संख्या कम रहेको, छुट्टै पुस्तकालय कक्ष नभएको, आधुनिक प्रविधि इमेल इन्टरनेटको सुविधा नभएको, विद्यालयमा प्रशासनिक कक्षमा कम्प्युटरको प्रयोग गर्ने दुई विद्यालय मत्र रहेको, पुस्तकालयमा कार्यरत कर्मचारी न्युन भएको, शिक्षक तथा विद्यालय प्रशासन कर्मचारीबाट नै पुस्तकालय सञ्चालन गरेकाले पुस्तकालयलाई पूर्ण समय दिन नसक्दा विद्यालय समय भरि पनि पुस्तकालय नखोलनु, पुस्तक वितरण प्रक्रिया कार्डबाट नभई रजिष्टरमा नाम कक्षा टिपोट गरेर गर्ने गरेको, नयाँ-नयाँ समय परिस्थिति अनुसारका समयसामयिक पुस्तकको संख्या कम रहेको, अध्ययन कक्ष बेग्लै नभएको पुस्तक राख्नका लागि एकदमै न्युन संख्यामा रहेका ऱ्याक जसमा पुस्तकहरु जथाभावी तरिकाले कोचेर राखिएका एवम् कर्मचारीको अभाव रहेको, कर्मचारीलाई व्यवसायिक तालिमको व्यवस्था नभएको, दैनिक तथा समसायिमक पत्रपत्रिकाको व्यवस्था नभएको देखिन्छ ।

पुस्तकालय व्यवस्थापन सम्बन्धी कुनै खास योजना, परियोजना, नीति नियम सञ्चालन नगरेको, भएका नीति नियमका सम्बन्धमा पनि सबै विद्यार्थीहरु सुसूचित नभएका, पुस्तक लिने र बुझाउने अनिवार्य मापदण्ड प्रयोग नगरिएको, विलम्ब शुल्कको व्यवस्था प्रभावकारी

*नभएको यसैकारण पुस्तकालयका पुस्तक अनियमित भएका, पुस्तकालय कर्मचारीको व्यवस्था नभएको, समग्रमा हेर्दा विद्यालयहरुमा पुस्तकालय सम्बन्धी राम्रा भन्दा सुधार गने पक्षहरु बढी भएको पाइन्छ ।*

*अध्ययनबाट प्राप्त निष्कर्षका आधारमा पुस्तकालय व्यवस्थापनमा सहयोग गर्ने दाता तथा संघसंस्थाहरुको खोजी गर्ने, विद्यार्थी संख्याको आधारमा पुस्तक संख्या बढाउने तथा नयाँ नयाँ पुस्तकहरु विद्यार्थीको आवश्यकता अनुसार खरिद गरि त्यसको संख्या बढाउनु पर्ने, पुस्तकालय व्यवस्थापनका लागि कर्मचारी व्यवस्था गर्नुपर्ने, कर्मचारीलाई समयसापेक्ष बनाउनका लागि तालिम, गोष्ठी तथा सेमिनारको व्यवस्था गर्नुपर्ने, सम्भव भए विद्यार्थीहरुबाट केही धरौटी रकम लिइ २/३ ओटासम्म पुस्तक एकै पटकमा दिने व्यवस्था गर्नुपर्ने, पुस्तकलाय कक्षमा कम्प्युटर, फोटोकपी मेशिनको व्यवस्था गर्नुपर्ने, पुस्तकालय सञ्चालन सम्बन्धी योजना बनाई कार्यान्वयन गर्नुपर्ने, शिक्षक, विद्यार्थी प्रशासन सबैलाई नीति नियम बनाई लागु गर्नुपर्ने, खरिद पुस्तक ठिक समयमा दर्ता र रखाइ व्यवस्थापन गर्नुपर्ने, पुस्तकालय क्याटलगको व्यवस्था गरी पुस्तक रखाइ व्यवस्था गर्नुपर्ने, वैज्ञानिक युगमा ई-लाइब्रेरीका अवधारणा अनुसार पुस्तकालयलाई ई-लाइब्रेरीकरण बनाउन पहल गर्नुपर्ने सुझावहरु प्रस्तुत गरिएको छ ।*

# विषय सूची


| | |
|---|---|
| **आवरणपृष्ठ** | |
| **प्रतिबद्धता पत्र** | **क** |
| **सिफारिस पत्र** | **ख** |
| **स्वीकृतिपत्र** | **ग** |
| **कृतज्ञताज्ञापन** | **घ** |
| **शोधसार** | **ङ** |
| **विषय सूची** | **छ** |
| **तालिका सूची** | **ञ** |
| **सङ्क्षिप्त रूप** | **ट** |
| **परिच्छेद  एक : परिचय** | |
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.१.१ पुस्तकालयको परिचय | २ |
| १.१.२ पुस्तकालयको सङ्क्षिप्त इतिहास | ४ |
| १.१.३ पुस्तकालय व्यवस्थापन | ९ |
| १.१.४ पुस्तकालयको आवश्यकता | ११ |
| १.१.५ पुस्तकालयका उद्देश्यहरु | ११ |
| १.२ समस्याको कथन | १२ |
| १.३ अध्ययनको उद्देश्य | १३ |
| १.४ अनुसन्धान प्रश्नहरू | १४ |
| १.५ अध्ययनको औचित्य | १४ |
| १.६ अध्ययनको परिसीमा | १५ |
| १.७ शब्दावलीको अर्थ र परिभाषा | १५ |
| **परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका** | |
| २.१ सैद्धान्तिक साहित्यको पुनरावलोकन | १७ |
| २.२ सम्बन्धित साहित्यको पुनरावलोकन | १८ |
| २.३ पुनरावलोकनको उपादेयता | २२ |
| २.४ अवधारणात्मक खाका | २२ |

## परिच्छेद तीन : अध्ययन विधि तथा प्रक्रिया


३.१ अनुसन्धान ढाँचा २४

३.२ जनसङ्ख्या, नमुना र नमुना छनोट नीति २४

३.३ अध्ययन क्षेत्र २५

३.४ तथ्याङ्क सङ्कलनका साधनहरू २५

३.४.१ अन्तर्वार्ता सूची २५

३.४.२ प्रश्नावली २६

३.४.३ लक्षित समूह छलफल २६

३.४.४ अवलोकन फारम २६

३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया २६

३.६ तथ्याङ्क विश्लेषण २७


## परिच्छेद चार : नतिजाको छलफल


४.१ सामुदायिक विद्यालयमा पुस्तकालयमा व्यवस्थापनको अवस्था २८

४.१.१ पुस्तकालयको भौतिक अवस्था २८

४.१.२ पुस्तकालय कर्मचारीको स्थिति ३०

४.१.३ पुस्तकालयमा पुस्तकहरुको विवरण ३२

४.१.३.१ विषयगत पुस्तकको अवस्था ३३

४.१.३.२ पुस्तकालयमा पुस्तक, सन्दर्भ सामग्रीको अवस्था ३३

४.१.३.३ पुस्तकालयको आर्थिक पक्ष ३४

४.२ विद्यालयले पुस्तकालय व्यवस्थापन सम्बन्धी लिएको नीति नियमको विश्लेषण ३५

४.२.१ पुस्तकालयको व्यवस्थापनसँग सम्बन्धित प्रतिक्रियाको विवरण ३५

४.२.२ पुस्तकालय प्रयोग सम्बन्धी विवरण ३६

४.२.३ पुस्तक वितरण सम्बन्धी विवरण ३६

४.२.४ पुस्तकालय नियम जानकारी सम्बन्धी विवरण ३७

४.२.५ विषयगत पुस्तक खरिद गर्न राय सुझाव सम्बन्धी विवरण ३८

४.२.६ पुस्तक सिफारिस सम्बन्धी विवरण ३९

४.२.७ सामुदायिक विद्यालयमा पत्रपत्रिका पढ्ने व्यवस्था ३९

४.२.८ पुस्तकालयमा पुस्तकको रखाईको अवस्था ४०

४.३ पुस्तकालय व्यवस्थापनका समस्याहरु ४१

४.३.१ भौतिक समस्या ४१

४.३.२ कर्मचारी ४१

४.३.३ आर्थिक पक्ष ४२

४.३.४ नीति नियम ४२

४.३.५ पुस्तकालय व्यवस्थापन समिति गठन नहुनु ४३

**परिच्छेद पाँच : निष्कर्ष तथा सुझावहरु**

५.१ निष्कर्ष ४४

५.२ सुझावहरु ४५

५.२.१ नीतिगत तह ४५

५.२.२ अभ्यास तह ४६

५.२.३ अनुसन्धान तह ४७

**सन्दर्भसूची**

**अनुसूचीहरू**

# तालिका सूची


| | |
|---|---|
| तालिका १ : नमुना छनोट विवरण | २५ |
| तालिका २ : पुस्तकालयको भौतिक अवस्थाको विवरण | ३० |
| तालिका ३ : पुस्तकालय कर्मचारीको विवरण | ३१ |
| तालिका ४ : पुस्तकालयमा पुस्तक, सन्दर्भ सामग्रीको विवरण | ३२ |
| तालिका ५ : विषयगत पुस्तकको विवरण | ३३ |
| तालिका ६ : पुस्तकालय व्यवस्थापन प्रतिक्रियाको विवरण | ३५ |
| तालिका ७ : पुस्तकालय नियमित प्रयोग सम्बन्धी विवरण | ३६ |
| तालिका ८ :पुस्तकालय विवरण प्रक्रियाको विवरण | ३७ |
| तालिका ९ : पुस्तकालय नियम जानकारी सम्बन्धी विवरण | ३८ |
| तालिका १० : पुस्तक खरिद गर्न राय सुझाव सम्बन्धी विवरण | ३८ |
| तालिका ११ : पुस्तक सिफारिस सम्बन्धी विवरण | ३९ |

## सङ्क्षिप्त रूप

| | | |
|---|---|---|
| आ.व. | - | आर्थिक वर्ष |
| आ.वि. | - | आधारभूत विद्यालय |
| इ.पू. | - | इस्वी पूर्व (इसा पूर्व) |
| इ.सि.डी. | - | अर्ली चाइल्ड डेभ्लोप्मेन्ट |
| ने.रा.प्र.प्र. | - | नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान |
| प्र.अ. | - | प्रधानाध्यापक |
| मा.वि. | - | माध्यमिक विद्यालय |
| वि.व्य.स. | - | विद्यालय व्यवस्थापन समिति |
| वि.सं. | - | विक्रम संवत् |
| सि.डी. | - | कम्प्याक्ट डिस्क |
| ISI | - | Indian Standard Institutions |